सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १८५ ♦ २०८० साल चैत्र १७ गते शनिवार ♦ 30 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रतिबद्ध हुन उपप्रधानमन्त्री यादवको निर्देशन

**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, महेन्द्रनगर**



उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रतिबद्ध हुन निर्देशन दिएका छन्। शुक्रबार जनकपुरधाममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको प्रादेशिक अस्पताल जनकपुरधाममा नव निर्मित बर्थिङ सेन्टरको समुद्घाटन गर्दै उपप्रधानमन्त्री यादवले भौतिक संरचनाको निर्माण र प्राविधिक व्रुयवस्थापनले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव नरहेको बताए।

दक्ष जनशक्तिको प्रतिबद्धताले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव रहेको सम्बोधन गर्दै मन्त्री यादवले चिकित्सकहरुलाई प्रतिबद्धताका साथ सेवामा जुटन निर्देशनसमेत दिए ।

उपप्रधानमन्त्री यादवले भने, ‘सरकारले भौतिक पुर्वाधार र दक्ष जनशक्ति ब्यवस्थापन गर्छ, गुणस्तरीय सेवाको लागि प्रतिबद्धता देखाउने जिम्मेवारी मिथिलाबासीको हो। मिथिलावासीलाई प्रमाणित गरेर देखाउनु पर्दछ।’

मधेश प्रदेश छिट्टै स्वास्थ्यको क्षेत्रमा फड्को मार्ने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री यादवले जनकपुरधाम, राजविराज र वीरगंजमा स्वास्थ्य क्षेत्रको ठूलो प्रोजेक्टमा काम भइरहेको समेत बताए।

स्वास्थ्य लगायतको क्षेत्रमा अमेरिकी सहयोगको लागि अमेरिका सरकार र त्यहाँको जनतालाई धन्यवाद दिँदै उपप्रधानमन्त्री यादवले एमसिसीमार्फत भइरहेको विकास निर्माणको चर्चा पनि गरे।

यु एस इण्डो पैसिफिक कमाण्ड र यु एस एम्बेसीको सहयोगमा

*बाँकी पृष्ठ २ मा*

## कटुवा पेस्तोल सहित एकजना पक्राउ



**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, सिरहा**

सिरहाबाट कटुवा पेस्तोलसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहा नगर पालिका २ का ४९ वर्षीय विजय यादव रहेका छन् । घरमा पेस्तोल लुकाइ राखेको गोप्य सूचनाको आधारमा बुधबार अपराहन्न ४ बजे उनको घर खानतलासी गर्दा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

उनीमाथि सिरहा जिल्ला अदालतबाट हातहतियार मुद्दामा सात दिनको म्याद थप लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## एसइई परीक्षा : महोत्तरीमा चार निरीक्षक र एक विद्यार्थी कारबाहीमा, ४१ थान मोबाइल जफत

**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, बर्दिवास**

जारी एसइई परीक्षामा महोत्तरीका विभिन्न परीक्षा केन्द्रहरूमा गरिएको अनुगमनको क्रममा परीक्षार्थीसहित निरीक्षकसमेत कारबाहीमा परेका छन्।

मावि खखना परीक्षा केन्द्रमा अमर्यादित क्रियाकलाप गरेको भन्दै एक विद्यार्थीको नेपाली विषयको परीक्षा रद्द गरिएको छ। सोही केन्द्रबाट एक निरीक्षक निष्कासनमा परेका छन्।

थप परीक्षा केन्द्रहरूबाट तीनजना निरीक्षकलाई अर्को परीक्षामा बस्न नपाउने गरी हटाइएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जानकारी दिए। मर्यादित परीक्षा आवश्यक रहेको भन्दै उनले अमर्यादित क्रियाकलाप गर्ने परीक्षार्थी वा निरीक्षक जो भए पनि कारबाहीको दायरामा ल्याउन पछि नहट्ने बताए।

प्रजिअ गेलालका अनुसार पहिलो दिनको परीक्षामा सात थान र दोस्रो दिनको परीक्षामा ३४ थान



गरी परीक्षार्थीहरूबाट हालसम्म कुल ४१ थान मोबाइल जफत गरिएको छ।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,

- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प

- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ‘देश विकासमा उद्योगी र व्यवसायीको योगदान महत्वपूर्ण’

**विजयकुमार साह**

**चैत्र १६ गते, ढल्केवर**

सङ्घीय सरकारका रक्षामन्त्री हरि प्रसाद उप्रेतीले मुलुकको अर्थतन्त्रको विकासमा उद्योगी, व्यवसायीको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ । धनुषाको ढल्केबरमा आयोजित मधेश प्रदेश उद्योग परिसङ्घको प्रथम साधारणसभा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

रक्षामन्त्री उप्रेतिले मुलुकको समग्र अर्थतन्त्रलाई लिएर उद्योगी, व्यवसासइले निराशाको कुरा मात्रै गर्नु नहुने बताउँदै निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै राष्ट्रको समृद्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो । विश्वका ठूलो अर्थतन्त्र भएको मुलुक चीन र भारत पनि कुनै समय आर्थिक सङ्कटबाट गुज्रिएको उदाहरण दिँदै उहाँले भन्नुभयो, “अब निराशाको कुरा गरेर मात्रै फाइदा छैन। उद्योगी, व्यवसायी उर्जाशील भएर लाग्नुपर्छ तब मात्र यो सङ्कबाट पार पाउन सकिन्छ ।” मुलुकको अर्थतन्त्र बलियो बनाउने जिम्मेवारी उद्योगी, व्यवसायीको काँध रहेको उहाँको भनाइ छ ।

रक्षामन्त्री उप्रेतीले मधेश प्रदेशका उद्योगी व्यवसायीहरुको समस्या समधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मधेश प्रदेशमा थुप्रै प्रसिद्ध धार्मिक स्थल भएकाले धार्मिक पर्यटन विकास जोड दिनुपर्ने धाणा राख्दै भारतको अयोध्या भ्रमणमा आउने पर्यटकमध्ये पाँच प्रतिशतलाई पनि जनकपुर धाम भित्रियाउन सके अर्थतन्त्रको खुड्किलो चढ्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । जनकपुरधामको विकासका लागि भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग प्रस्ताव गरेको र उताबाट पनि सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताउनुभयो ।



कार्यक्रममा उद्योग परिसङ्घका केन्द्रीय अध्यक्ष राजेश अग्रवालले उत्पादनमा लागत घटाउन थप भन्सार नाका खोल्नुपर्ने बताउनुभयो । मधेश प्रदेशको मध्य भागमा रहेको उद्योगका लागि वीरगङज र विराटनगर भन्सार नाका भएर कच्चा पदार्थ आयात गर्नुपरेकाले उत्पादन लागत बढेर महङ्गो भएको बताउँदै उहाँले धनुषाको जटही र महोत्तरीको भिट्ठामोड भन्सार नाकाबाट पनि कर्चा पदार्थ आयात गर्ने प्रबन्ध सरकारले मिलाउनुपर्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “छिमेकी मुलुक भारतमा अनुदानमा सामान उत्पादन हुन्छ । हामीले ऋणमा उत्पादन गर्छौं । अनि कसरी प्रतिस्पर्धामा गर्न सक्छौं । त्यसैले उत्पादन लागत घटाउने विषयमा सरकारको ध्यान पुग्नु जरुरी छ ।“

## गुणस्तरीय स्वास्थ्य....

करिब १४ करोडको लागतमा निर्मित ७५ बेड्को बर्थिङ सेन्टर को सिलान्यास समेत २०१८ नोभेम्बर १९ उपप्रधानमन्त्री यादवले नै गरेका थिए।

प्रतिष्ठानका उपकुलपति डा अंकुर साहको अध्यक्षतामा भएको उक्त समारोहमा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंह, उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन सा कलवार, र ाज्यमन्त्री केशव राय चौधरी, संघिय स्वास्थ्य सचिव डा।रोशन पोखरेल , अमेरिकी राजदुत डिन आर थमसन, प्रदेशका स्वास्थ्य सचिव डा। प्रमोद यादव, प्रादेशिक अस्पतालका निर्देशक रामनरेश पण्डित सहितको सहभागिता थियो।

## जनकपुरधाम : मेयर कप टी २० क्रिकेट प्रतियोगिता शुरु

**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, जनकपुरधाम**

जनकपुरधाम उपमहानगर पालिकाको आयोजनामा दोस्रो मेयर कप टी २० क्रिकेट प्रतियोगिता - २०८० शुक्रवार देखि शुरु भएको छ।

प्रतियोगिताको उद्घाटन गर्दै मधेश प्रदेश प्रमुख एवं प्रमुख अतिथि सुमित्रा सुवेदी भण्डारीले युवाहरुको शारिरिक, मानसिक र व्यक्तित्व विकास गर्नका लागि खेलकुद अत्यन्त महत्वपूर्ण रहेको बताईन ।

उनिले युवाहरु अनावश्यक कुराहरुवाट ध्यान हटाई खेलकुदमा केन्द्रित भए गलत दिशामा जाने सम्भावना कम रहने बताईन् ।

त्यसैगरि कार्यक्रममा बोल्दै मधेश प्रदेश सरकारकी युवा तथा खेलकुद मन्त्री सुरिता साहले खेलकुद मैदान बनाउनु प्रदेश सरकारको प्राथमिकतामा रहे पनि संघ सरकार र निजामति कर्मचारीको कारणले रंगशाला निर्माण कार्यले गति लिन नसकेको दुखेसो व्यक्त गरिन् ।

मेयर साहको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिका उपमेयर किशोरी साह, नेपाली कांग्रेसका नेता जिवनाथ चौधरी, नेपाली कांग्रेस धनुषाका उपसभापति गणेश झा, जिल्ला क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डे, सरोज मिश्रा लगायतको उपस्थिति रहेको थियो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अभ्र प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**मिथुन-**अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रस र ङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कुम्भ-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्ढार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कर्मचारी भनेका जनप्रतिनिधिको योजना लागु गर्ने सहकर्मी हुन् :मेयर क्षेत्री



**खबर दर्पण समाचारदाता**
**चैत्र १६ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद कुमार क्षेत्रीले कर्मचारी भनेका निर्वाचित जनप्रतिनिधिको योजना लागु गर्ने सहकर्मी भएकाले उनिहरु पनि सामाजिक अभियानका साझेदार भएको बताएका छन ।

महोत्तरीको बर्दिवासमा शुक्रवार आयोजित बर्दिवास नगरपालिका तथा कर्मचारी मिलन केन्द्र बर्दिवासले संयुक्त रुपमा आयोजना गरेको नवआगन्तुक कर्मचारीलाई स्वागत गर्ने क्रममा उनले सो कुरा बताएका हुन ।

उनले नगर तथा राष्ट्र निर्माणमा राष्ट्र सेबक कर्मचारीको भुमिकाको जती प्रसंसा गरेपनी समुन्द्रमा सानो ढुङ्गा हानेको जस्तो हुने धारणा राखे ।

प्रमुख क्षेत्रीले नगर बिकासकोलागी आफु निर्वाचित भएको दुई बर्षे कार्यकालमा सदैब कर्मचारीको अतुलनिय सहयोग रहेकोले ऐन कानुन र नियम अनुसारको कामकाज गर्न राष्ट्र सेवक कर्मचारी सधै प्रतिबद्ध रहनुपर्ने कुरामा जोड दिए ।

यसैगरी कर्मचारी मिलन केन्द्र बर्दिवासले नवआगन्तुक २ जना कार्यालय प्रमुखलाई स्वागत गरेको छ ।

केन्द्रले नगरपालिका भित्र सरुवा भएर आएका नवआगन्तुक ईलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक रेबतिरमण पोखरेल तथा मलपोत कार्यालय बर्दिवासका प्रमुख दिपेन्द्र कुमार झा लाई स्वागत गरेको हो ।

कार्यालय प्रमुख दुबै जनालाई नगरपालिकाका प्रमुख प्रह्लाद कुमार क्षेत्री र मिलन केन्द्र बर्दिवासका अध्यक्ष सर्मिला तामाङ्गले अबिर,खादा लगाएर स्वागत गरेका थिए ।

# देश आफ्नै विचार, संस्कृति र सभ्यतामा चल्न सकेन : राजेन्द्र महतो



**खबर दर्पण समाचारदाता**
**चैत्र १६ गते, बर्दिवास**

राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक राजेन्द्र महतोले देशको देश आफ्नै विचार, संस्कृति र सभ्यतामा चल्न नसकेको बताउनुभएको छ।

शुक्रबार बिहान सर्लाहीको लालबन्दीमा पत्रकारसँग कुरा गर्दै महतोले देश आफ्नै विचार , परिस्थिति, संस्कृति र सभ्यताको आधारमा सञ्चालन हुन नसकेको बताउनुभएको हो। उहाँले वर्तमान शासन र संविधानबाट जनतामाथि विभिन्न प्रकारका उपेक्षा, विभेद र शोषण गरिएको तर्क गर्नुभयो।


महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) त्यागेर बहुल राष्ट्रिय राज्यको नारासहित अभियान लिएर हिँडिरहनुभएका महतोले एकल चिन्तन सोचबाट देश चलाउँदा अहिलेको अवस्था सिर्जना भएको बताउनुभएको छ। विविधता, विभिन्न पहिचान र राष्ट्रियताले भरिएको देशलाई एकल चिन्तन सोचबाट अप्राकृतिक हिसाबले सञ्चालन गरिएको महतोको भनाइ छ। पूर्व उपप्रधानमन्त्री समेत र हनुभएका महतोले सङ्घीयताको मर्म र भावनाविपरीत सबैथोक केन्द्रको मातहतमा राखेर बेइमानी गरिएको बताउनुभयो। यही कारणले सङ्घीयताको व्यवस्था नै खराब हो भन्ने सन्देश तल्लो तहमा पुगेको महतोको भनाइ छ।

उहाँले बहुल राष्ट्रिय राज्य स्थापनार्थ आफूले सुरु गरेको अभियान विखण्डनको कुरा हो कि भनेर भ्रम छर्न खोजिएकाले त्यस कुराको पछि नलाग्न आग्रह गर्नुभएको छ।


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**रामगोपालपुर नगरपालिका, महोत्तरी**



## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**




**भंगहा नगरपालिका, महोत्तरी**



## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**औहरी नगरपालिका, महोत्तरी**



## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**मठिहानी नगरपालिका, महोत्तरी**

# मधेश प्रदेश उद्योग परिसंघको अध्यक्षमा प्रमोद साह चयन



**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, ढल्केवर**

उद्योगी, व्यवसायीहरुको संगठन मधेश प्रदेश उद्योग परिसंघको अध्यक्ष पदमा प्रमोद साह निर्विरोध चयन भएका छन् । बिहीबार धनुषाको ढल्केवरमा भएको परिसंघको प्रथम साधारणसभाबाट कोमल होटलका सञ्चालक समेत रहेका प्रमोद सहित सम्पूर्ण पदाधिकारी निर्विरोध चयन भएका हुन् ।

संघीय सरकारका रक्षामन्त्री हरि प्रसाद उप्रेतीको प्रमुख आतिथ्य तथा मधेश प्रदेश उद्योग परिसंघका तत्कालीन अध्यक्ष नरेश दासको अध्यक्षता साधारणसभा सम्पन्न भएको थियो ।

साधारणसभामा परिसंघका केन्द्रीय अध्यक्ष राजेश अग्रवाल, मधेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, प्रदेश सभासदस्य हरि नारायण महतो, मिथिला नगर पालिकाकी उपप्रमुख सुनितासिंह बुढाथोकी, वडाध्यक्ष नन्दकिशोर यादव, रामबहादुर स्याङ्गदनलगायत उद्योगी, व्यवसायीको उपस्थिति थियो ।

# महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय

**खबर दर्पण समाचारदाता**

**चैत्र १६ गते, बर्दिवास**

महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय रहेको पाइएको छ । सङ्घीय संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिको कारागार अनुगमन उपसमितिका सदस्यले कारागार प्रशासनसहितको सहभागिता भएको अनुगमनमा महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय पाइएको बताएका छन् ।


समितिका सदस्यद्वय प्रतिनिधिसभा सदस्य नगिना यादव र गोमा लाभ सापकोटा, समितिको सचिवालयका अधिकृत प्रवीण राईसहितको टोलीले बिहीबार कारागारको अनुगमन गरेको थियो । प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र कारागार प्रशासनको सहभागितामा अनुगमन गरिएको सांसद यादवले बताउनुभयो । "कारागारमा क्षमताभन्दा चौब्बर बढी कैदी-थुनुवा राखिएका रहेछन्, सुत्न, बस्न निकै सकस रहेछ", सांसद यादवले भन्नुभयो, "कोल्टे फेर्न पनि नपाइने गरी कैदी-थुनुवा बसेका रहेछन्, कारागारको अवस्था अत्यन्त दयनीय देखियो ।" एक सय ३५ कैदी-थुनुवा राख्ने क्षमताको कारागारमा अहिले पाँच सय ८४ जना रहेका कारागार प्रशासनले जनाएको छ। केही साता पहिले कैदीथुनुवाको सङ्ख्या छ सय माथि रहेको अभिलेखले देखाएको उहाँले बताउनुभयो । कारागारमा पठनपाठन, खेलकुद र मनोरञ्जनको कुनै सुविधा छैन । औषधोपचार पनि चाहिएका बेला पाउन नसकिएको कैदी-थुनुवाले बताएका सांसद यादवको भनाइ छ। पुरानो भवनका इँटा झर्ने, छत उप्केर टुक्रा झरिरहने क्रमले बसाइ जोखिमपूर्ण देखिएको अर्का सदस्य सापकोटाले बताउनुभयो । वि.सं.१९१३ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा निर्माण गरिएको भवनमा कारागार सञ्चालन छ। "जीर्ण भवन कतिबेर ढल्छ भन्ने त्रास जतिखेर पनि रहेछ, कतै पर्खालका इँटा झर्छन्, कतै छतको प्लास्टर उप्किएर झर्दो रहेछ ", सांसद सापकोटा भन्नुहुन्छ, "जतिखेर पनि कैदी-थुनुवा त्रासमा रहने गरेका पाइयो ।"

सरकारले सबैभन्दा पहिले सुरक्षित कारागार भवनको व्यवस्था गर्नुपर्ने सांसद सापकोटा बताउनुहुन्छ । कारागारमा दिसापिसाब र नुवाइधुवाइका लागि पालो पर्खनुपर्छ । सर सफाइको कमीले अधिकांश कैदी/थुनुवामा चर्मरोगको समस्या छ । धनुषा जिल्लामा कारागार नहुँदा त्यहाँको चापले यहाँ कैदी/थुनुवा बढेका कारागार प्रशासनले जनाएको छ । कुल कैदी-थुनुवामध्ये ६० प्रतिशतभन्दा बढी धनुषाकै रहेका कारागार कार्यालयका सूचना अधिकारी रविनचन्द्र ठाकुर बताउनुहुन्छ । कारागारको जलेश्वरमा छ बिघा ११ कट्ठा जग्गा भए पनि सो ठाउँमा नयाँ कारागार भवन निर्माण हुन सकेको छैन । रासस


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय:जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**बर्दिवास नगरपालिका, महोत्तरी**



## छाडा चौपाया र सडक छेउबाट निर्माण तथा अन्य सामाग्री हटाउने सम्बन्धी सूचना ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सडकमै निर्माण समाग्री नराख्न, सड्क पेटी अतिक्रमण गरी व्यापार व्यवसाय नगर्न, घरपालुवा पशु चौपायाहरु छाडा नछोड्न पटक पटक अनुरोध गर्दा समेत सो को वेवास्ता गरी बजारमा सडकमै निर्माण समाग्री राख्ने, सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, छाडा चौपायाहरु सडक मै छोडी सार्वजनिक यातायात आगमनमा अबरोध गर्ने लगायतका बिभिन्न समस्या सृजना भएकोले यस्ता कार्य नगर्न गराउन सबैलाई सूचित गरिन्छ । सूचनालाई अटेर गरी यस्ता कार्य गर्नेमाथि कानुनी कारवाही प्रक्रिया अगाडि बढाइने सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**













खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा